आज मिति २०७७ पुष २१ गते मंगलबारको दिन दिउसो १:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ९७ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री सानुबाबु श्रेष्ठ (का.बा.वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | नि.प्रमुख प्रशासकीय अधिकृत श्री दिपक कुमार के.सी. | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री गणेश गुरुङ (लेखा अधिकृत)

२. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/०९/१९ गते नगर प्रमुखज्यूबाट मिति २०७७/०९/२१ गते दक्षिणकाली नगरपालिकाको ९७ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा) सम्बन्धमा । | • यस नगरपालिका भित्रको सङ्घिय सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारले गरिने भौतिक पूर्वाधारतर्फको विकास निर्माणका लागी अति आवश्यक प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टि, बालुवा) बिक्रि वितरण तथा उद्योग सञ्चालनका लागी यस नगरपालिका भित्र रहेका नविकरण भई नियमानुसार राजश्व समेत तिरेका नियम सम्वत भएका र नविकरण हुन बाँकी ढुङ्गा खानी, बालुवा खानी, क्रसर उद्योग र वासिङ्ग उद्योगले विगतमा खानीबाट उत्खनन तथा प्रशोधन गरी घाटगद्दीमा राखिएका ढुङ्गा, गिट्टि, बालुवा जस्ता साधारण निर्माणमुखी सामग्रीहरुको सञ्चित गरिएको परिमाण जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंको च.नं.२२६, मिति २०७७/०९/०७ गतेको पत्रको बुदाँ नं.५ अनुसारको टोलीबाट नापजाँच एकिन गरी सो को प्रमाणित गरि दिन हाल यस नगरपालिका क्षेत्र भित्र भएको खानी, क्रसर, तथा वाशिङ्गको हालको वैधानिक अवस्था समेत उल्लेख गरी जिल्ला समन्वय समिति, काठमाडौंलाई पत्राचार गर्ने । |
| २. | काठमाडौं महानगरपालिकाबाट रकम माग गर्ने सम्बन्धमा । | • आ.ब.०७५/०७६ मा यस नगरपालिकालाई प्राचिन दक्षिणकाली मन्दिर (महानगर पार्क) बगैचाँ निर्माणको लागी प्रास रु.१ करोड को कार्य सम्पन्न भै सकेको हुदाँ उक्त पार्क अधुरो भएकोले सो पार्कको लागी थप १ करोड माग गर्ने र उक्त पार्क निर्माण सम्पन्न भए पछि महानगरपालिकाबाट प्रास हुन नगर नगर साझेदारी कार्यक्रमबाट प्रास हुने रकम द.न.पा.७ स्थित दक्षिणकाली क्षेत्र भित्रको हरियाली पार्क निर्माण गर्न महानगरसँग रकम निकासाका लागी अनुरोध गर्ने । |

प्रतिलिपि प्रमाणित